जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:- ९८२४८७७६२७
Gmail :- Jaleshwortoday@gmail.com

बर्ष १३ • अंक २७३ • २०८३ श्रावण ७ गते विहिवार • 23 Jul. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

## श्री लक्ष्मीनारायण भगवानको साप्ताहिक संध्या आरती पाँच वर्ष पूरा गरी छैटौं वर्षमा प्रवेश

जलेश्वरटुडे समाचारदाता
महोत्तरी, ६ श्रावण



महोत्तरीको मटिहानी नगरपालिका-७ स्थित धार्मिक, ऐतिहासिक तथा पौराणिक महत्व बोकेको लक्ष्मी सागरमा सञ्चालन हुँदै आएको श्री लक्ष्मीनारायण भगवानको साप्ताहिक संध्या आरती पाँच वर्ष पूरा गरी छैटौं वर्षमा प्रवेश गरेको अवसरमा आयोजित छैटौं वार्षिक उत्सव समारोह तथा महाआरती सम्पन्न भएको छ ।

श्री लक्ष्मी सागर तथा आरती व्यवस्थापन समिति मटिहानीद्वारा आयोजित समारोहको उद्घाटन मधेश प्रदेश सभाका सभामुख रामअशिष यादव र मटिहानी नगरपालिकाका प्रमुख हरिप्रसाद मण्डलले संयुक्त रूपमा गर्नुभएको थियो ।

समितिका अनुसार वि.सं. २०७८ साल साउन ५ गतेदेखि प्रत्येक बिहीबार नियमित रूपमा सञ्चालन हुँदै आएको साप्ताहिक संध्या आरतीले धार्मिक पर्यटन प्रवर्द्धन, सांस्कृतिक संरक्षण तथा सामाजिक सद्भाव अभिवृद्धिमा महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ । समितिका अध्यक्ष बरुण मण्डलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा सभामुख रामअशिष यादवले धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षणसँगै यस्ता गतिविधिले समाजमा सकारात्मक ऊर्जा प्रवाह गर्ने बताउनुभयो ।

नगर प्रमुख हरिप्रसाद मण्डलले लक्ष्मी सागर क्षेत्रलाई धार्मिक पर्यटनको आकर्षक गन्तव्यका रूपमा विकास गर्न नगरपालिका प्रतिबद्ध रहेको उल्लेख गर्नुभयो ।

कार्यक्रममा नेपाली सेनाको श्री गोरखनाथ गण परिकौलीका गणपति रामप्रसाद लामिछाने, जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी उपरीक्षक (एसपी) श्यामकुमार सारु मगर, सशस्त्र प्रहरी बल नं. ९ गण महोत्तरीका प्रहरी उपरीक्षक शेरबहादुर अधिकारी, राष्ट्रिय अनुसन्धान कार्यालय महोत्तरीका प्रमुख चन्दनकुमार झा, लक्ष्मीनारायण मठ मटिहानीका मानमहन्थ जगरनाथ दास वैष्णव तथा उत्तराधिकारी महन्थ रबिन्द्र दास वैष्णव, मटिहानी नगरपालिकाका वडा अध्यक्ष, कार्यपालिका सदस्य, वडा सदस्य, विभिन्न राजनीतिक दलका प्रतिनिधि, सामाजिक संघसंस्थाका प्रतिनिधि, उद्योगी-व्यवसायी तथा स्थानीय श्रद्धालुहरूको उल्लेखनीय उपस्थिति रहेको थियो ।

समारोह अन्तर्गत विशेष महाआरती, भजन-कीर्तन तथा धार्मिक अनुष्ठान सञ्चालन गरिएको समितिले जनाएको छ । धार्मिक आस्था, सांस्कृतिक परम्परा र सामाजिक एकताको सन्देश प्रवाह गर्दै साप्ताहिक संध्या आरती आगामी दिनमा पनि नियमित रूपमा सञ्चालन हुने समितिले जनाएको छ ।

## वर्तमान सरकारले जनअपेक्षा अनुसार काम गर्न सकेन: प्रदीप पौडेल




जलेश्वरटुडे समाचारदाता
महोत्तरी, ६ श्रावण

नेपाली कांग्रेसका महामन्त्री प्रदीप पौडेलले वर्तमान सरकारले जनअपेक्षा अनुसार काम गर्न नसकेको आरोप लगाउनुभएको छ । नेपाल प्रेस युनियन महोत्तरी शाखाले जलेश्वरमा आयोजना गरेको पत्रकार सम्मेलनमा उहाँले जनताले दिएको बलियो जनादेशअनुसार सरकार सञ्चालन हुन नसकेको बताउँदै सरकार गम्भीरतापूर्वक जिम्मेवारी निर्वाह गर्नुभन्दा खेलाँची शैलीमा अघि बढिरहेको टिप्पणी गर्नुभयो ।

महामन्त्री पौडेलले सरकार जनमुखीभन्दा शासकमुखी शैलीमा प्रस्तुत भइरहेको आरोप लगाउँदै सञ्चारमाध्यमको स्वतन्त्र आवाज दबाउने, प्रतिपक्षलाई तर्साउने तथा फसाउने प्रयास भइरहेको दाबी गर्नुभयो। सरकार पूर्वाग्रही ढंगले अघि बढिरहेको उहाँको भनाइ थियो । उहाँले विभिन्न प्रकरणमा मुछिएका आफ्नै सांसद तथा मन्त्रीमाथि निष्पक्ष छानबिन नगरी सरकारले आफैं छानबिन गरेर 'क्लिन चिट' दिने प्रवृत्ति अपनाएको आरोप लगाउनुभयो। यस्तो कार्यले सुशासन, विधिको शासन तथा राज्यका निकायप्रतिको जनविश्वास कमजोर बनाएको उहाँले बताउनुभयो । महामन्त्री पौडेलले अर्थमन्त्रीको हालैको अभिव्यक्तिप्रति पनि असन्तुष्टि जनाउनुभयो ।

जनताले तीन हजार पाँच सय रुपैयाँ तिरेर लाखौं रुपैयाँ बराबरको सेवा-सुविधा उपलब्ध गराउन नसकिने भन्ने अभिव्यक्तिप्रति आपत्ति जनाउँदै उहाँले "के राज्य व्यापारी हो ?" भन्ने प्रश्न गर्नुभयो । राज्यको प्रमुख दायित्व नागरिकलाई आवश्यक सार्वजनिक सेवा तथा सामाजिक सुरक्षा सुनिश्चित गर्नु रहेको उल्लेख गर्दै उहाँले सरकार नागरिकप्रति उत्तरदायी भएर काम गर्नुपर्नेमा जोड दिनुभयो । महामन्त्री पौडेलले प्रतिशोध र पूर्वाग्रहको राजनीति त्यागी संविधान, कानुन तथा लोकतान्त्रिक मूल्य-मान्यताअनुसार सरकार सञ्चालन गर्न आग्रह गर्नुभयो ।




भू-संरक्षणमा ध्यान दिऔं

- भू-क्षय र पहिरो नियन्त्रणमा योगदान दिऔं,
- भिरालो जमिनमा खेती गर्दा गरा बनाई गरौं,
- भूक्षय रोक्ने रुख, घाँस (अम्रिसो, बाँस) जस्ता बोटबिरुवा रोपौं,
- बिना अनुमति गिट्टि, बालुवा, माटो, ढुङ्गा उत्खनन नगरौं,
- भू-बनोट र वातावरणीय अध्ययन गरेर मात्र सडक पूर्वाधार निर्माण गरौं,
- वन, जलश्रोत र प्राकृतिक सम्पदाको संरक्षण गरौं,
- भू-संरक्षणमा समुदायको सहभागिता बढाऔं ।

भू-रक्षाको सुरक्षा
नेपाल सरकार
विज्ञापन बोर्ड




## विकल्पको खोजीमा मधेश पछि नहट्ने

*मधेस लगायत देशभरि नै एकपक्षीय रूपमा परिवर्तनका पक्षमा मतदान गरेको मतदातामा सरकारका मन्त्रीहरूले आफ्नो सम्पत्ति सार्वजनिक गरेदेखि नै एउटा शंकाको भावना पैदा भएको देखिन्छ । गरिब जनताका लागि अकुत सम्पत्ति भएका नेताहरूले कसरी काम गर्लान् भन्ने आशंका सुरु भएका छन । त्यसमाथि प्रधानमन्त्री र मन्त्रीहरूले जनतासँग खुलेर संवाद गर्न नसक्दा उनीहरूको सामर्थ्यमाथि नै प्रश्नचिह्न उठेका छन । सरकारले गरिरहेका सकारात्मक कामहरू जनताको घरदैलोमा पुऱ्याउने रास्वपाको संगठनात्मक संरचना रहेको देखिन्छ । मधेसले दिएको जनादेश अनुसार सुशासन, संविधानको कार्यान्वयन, विकास र सम्मानजनक सहभागिताको प्रत्याभूति दिनु नै मतको न्याय रहेको देखिन्छ । सरकारले यही सन्देश बुझ्न सकेमा मधेसको विश्वास दीर्घकालसम्म कायम रहने देखिन्छ ।*

*मधेसले इतिहासभरि परिवर्तनको पक्षमा उभिएर नयाँ शक्तिलाई अवसर दिएको देखिन्छ । यसपटक पनि मधेसले व्यक्तिलाई मात्र होइन, एउटा सम्भावनालाई मत दिएको देखिन्छ । अब सरकारले यो मतलाई केवल निर्वाचनको अंकगणितका रूपमा होइन, विश्वासको जिम्मेवारीका रूपमा बुझ्नुपर्ने देखिन्छ । सुशासन, संविधानको प्रभावकारी कार्यान्वयन, आर्थिक अवसर र सम्मानजनक प्रतिनिधित्व सुनिश्चित गर्न सके मात्र मधेसले आफ्नो मतको न्याय पाएको अनुभूति गर्ने देखिन्छ । अन्यथा, परिवर्तनको पक्षमा उभिने मधेस फेरि अर्को विकल्प खोज्न पछि नहट्ने देखिन्छ ।*

# मधेशमा कम्युनिष्ट पार्टी बलियो हुनुपपर्छ : प्रचण्ड

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ६ श्रावण**




नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल प्रचण्डले नेपाली स्वाधीनताको रक्षा तथा देशको हितका लागि मधेशमा कम्युनिष्ट पार्टी बलियो हुनुपर्ने धारणासहित पार्टी अगाडी बढेको बताएका छन् ।

पार्टीको मधेश प्रदेशको एकता बैठक तथा प्रशिक्षण कार्यक्रमको जनकपुरधाममा उद्घाटन गर्दै उहाँले नेपालको राष्ट्रियताको रक्षा गर्नका लागि कम्युनिष्ट पार्टीहरू एकताबद्ध हुनुको कुनै विकल्प नभएकोले कम्युनिष्टहरुबीच एकता प्रक्रिया अझै अघि बढिरहेको जनाए । उनले मधेसमा बलियो पार्टी बनाउन सकिएमा समग्र देश र कम्युनिस्ट आन्दोलनका लागि ठूलो योगदान पुग्ने, अन्यथा ठूलो दुर्घटना व्यहोर्नुपर्ने खतरा रहेको समेत बताए । पूर्व प्रधानमन्त्री समेत रहेका दाहालले मधेश प्रदेश राजनीतिक तथा जनसङ्ख्याको दृष्टिकोणले महत्वपूर्ण भएकाले मधेशलाई पार्टीले उच्च प्राथमिकतामा राखेको बताए । उनले मधेस प्रदेशलाई देशको मेरुदण्डको संज्ञा दिँदै मधेसको समुचित विकासले कृषि, उद्योग तथा समग्र राष्ट्रिय अर्थतन्त्रलाई गति दिने बताए। उनले मधेसको विकासलाई तीव्र बनाउन भारत सरकारसँग यसअघि नै गम्भीर छलफल भएको जानकारी दिए । मधेसमा भूमिगत पानीको सतह घट्दै गएको विषयमा सरकार गम्भीर रहेको उल्लेख गर्दै उनले कोशीबाट चुरेको फेदी हुँदै नहर प्रणाली विकास गर्न सके भू-जलको सतह वृद्धि हुनुका साथै तराईलाई मरुभूमीकरणबाट जोगाउन सकिने बताए। यस विषयमा विज्ञहरूसँग अध्ययन तथा छलफल भइरहेको उनको भनाइ थियो। उनले मरिण डाइभर्सन आयोजना शीघ्र सम्पन्न गर्न चीन सरकारसँग छलफल भएको तथा काठमाडौं-तराई/मधेस द्रुतमार्ग (फास्ट ट्र्याक) समयमै निर्माण सम्पन्न गर्न नेपाली सेनालाई जिम्मेवारी दिने निर्णय आफ्नो नेतृत्वमा भएको स्मरण गराए ।

# देशका विभिन्न स्थानमा ४४औं बिपी स्मृति दिवस विभिन्न कार्यक्रमको आयोजना गरी मनाइँदै

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ६ श्रावण**



प्रथम जन निर्वाचित प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालाको योगदानको स्मरण गर्दै देशका विभिन्न स्थानमा ४४औं बिपी स्मृति दिवस विभिन्न कार्यक्रमको आयोजना गरी मनाइँदै छ ।

प्रजातन्त्र स्थापनाका लागि कठोर सङ्घर्ष गरेका बिपीको विसं २०३९ साउन ६ गते निधन भएको थियो । नेपाली साहित्यमा महत्त्वपूर्ण योगदान पुऱ्याएका कोइरालाको जन्म विसं १९७१ भदौ २४ गते भएको हो । विसं २०१५ को संसदीय निर्वाचनपछि विसं २०१६ जेठमा उनी पहिलो निर्वाचित प्रधानमन्त्री बनेका थिए ।

नेपाली साहित्यमा मनोवैज्ञानिक यथार्थवादी धारका प्रवर्तक कोइरालाका 'तीन घुम्ती', 'मोदी आइन', 'हिटलर र यहूदी', 'सुम्निमा', 'नरेन्द्रदाई', 'बाबु, आमा र छोरा' गरी छ उपन्यास प्रकाशित छन् । उनका दुई कथा सङ्ग्रह 'श्वेत भैरवी' र 'दोषी चस्मा', तथा हरिप्रसाद शर्माको सम्पादनमा 'विश्वेश्वरप्रसाद कोइरालाका कथा र कविता' प्रकाशित छन् ।

वरिष्ठ अधिवक्ता स्व गणेशराज शर्मासँगको वार्तामा आधारित 'आत्मवृत्तान्त, सुन्दरीजल बन्दी गृहमा बस्दाको दैनिकीमा आधारित 'जेल जर्नल', विसं २०३३ पुस १६ गते राष्ट्रिय एकता र मेलमिलापको नीति लिही स्वदेश फर्केपछि त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलबाट सिधै सुन्दरीजल बन्दीगृहमा लगिएपछि लेखिएको दैनिकी 'फेरि सुन्दरीजल' नेपालको तत्कालीन राजनीतिक अवस्थाको यथार्थ चित्रण गरिएको छ । ज्ञाननिष्ठ ज्ञवालीको सम्पादनमा प्रकाशित सिसार पत्रिकामा 'साहित्यमा प्रगतिशीलता' विषयक कोइरालाको निबन्ध लगायत रचना पनि प्रकाशित छन् ।





**अनुरोधकर्ता**
**मुखियापट्टी मुसहरनियाँ गाउँपालिका कार्यालय**
**धनुषा, मधेश प्रदेश**


### तपाईको टुडे

मेष: अनावश्यक चिन्ता
वृष: पिछ्डेको साथी मिल्ने
मिथून: मनमा पछुतो आउने
कर्कट: विचार गरेर बोल्नुहोला
सिंह: अनावश्यक खर्चको संभावना
कन्या: मित्रतामा फाटो आउने
तुला: अशुभ समाचार प्राप्त हुने
वृश्चिक: आम्दानी हुने
धनु: खानपानमा समस्या आउने
मकर: लामो यात्राको योग छ
कूम्भ: पढाईमा ध्यान दिनुपर्ने
मीन: शुभ कार्यको शुरुवात

### मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

### जलेश्वरनाथ मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

### जानकी मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# हर्मुजपछि बाब अल-मन्देबमा पनि अवरोध, हुथीद्वारा नाकाबन्दी घोषणा



**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ६ श्रावण**

युद्ध चर्कदैं जाँदा मंगलबार इरान निकट यमनको सिया विद्रोही समूह हुथीले रणनीतिक रूपमा निकै महत्त्वपूर्ण मानिने बाब अल-मन्देब जलमार्गमा नाकाबन्दी घोषणा गरेको छ ।

हुथीका प्रवक्ताले एक भिडियो वक्तव्य जारी गर्दै यमनको राजधानी सानास्थित प्रमुख विमानस्थलमा साउदी अरेबियाले गरेको हवाई आक्रमणको बदलास्वरूप यो कदम चालिएको बताएका छन् । विश्वभरका जहाजहरूको आवतजावत ट्र्याक गर्ने संस्था मरीन ट्राफिकका अनुसार हुथीको घोषणापछि साउदी अरेबियाबाट छुटेका दुईवटा तेल ट्याङ्करहरूले आफ्नो बाटो परिवर्तन गरेका छन् । यसले लाल सागरमा जोखिम उत्पन्न गराएको मरिन ट्राफिकले जनाएको छ । बाब अल मन्देब जलमार्गले लाल सागरलाई अडेनको खाडी र हिन्द महासागरसँग जोड्छ ।

व्यापारिक रुपमा यो संसारको चौथो ठूलो जलमार्ग हो । यसै महिना उक्त विमानस्थलमा इरानी अधिकारी सवार भएकै बेला साउदीले आक्रमण गरेको हुथीको आरोप छ। हुथी विद्रोहीहरूले साउदी अधिराज्यलाई एक अपराधी शासकको संज्ञा दिएका छन् । साउदीले नाकाबन्दीको कडा शब्दमा भत्सर्ना गरेको छ ।

विश्वकै ठूलो तेल उत्पादक देश साउदी अरेबियाले दैनिक लाखौं ब्यारेल कच्चा तेल निर्यातका लागि यही मार्ग प्रयोग गर्दै आएको छ। अमेरिका-इरान युद्धका कारण हर्मुज जलमार्गमा अवरोध भएपछि साउदीले बाब अल-मन्देब हुँदै आफ्नो तेललाई बाहिरी विश्वमा पठाउँदै आएको छ । इरानमा जारी युद्धका कारण विश्व इन्धन बजार पहिले नै अस्थिर बनिरहेका बेला हुथी समूहको यो नाकाबन्दीले उर्जाको मूल्य थप बढाउने निश्चित छ ।

जलमार्गमा बढ्दो तनावबीच साउदी अरेबिया, इराक र संयुक्त अरब इमिरेट्स (यूएई) ले समुद्रको सट्टा सडकबाटै तेल ओसारपसार गर्ने विकल्पमा गृहकार्य सुरु गरेका छन् । यसका लागि नयाँ तेल पाइपलाइन निर्माण गर्ने वा भइरहेका पाइपलाइनहरूको क्षमता विस्तार गर्ने विषयमा यी देशहरूबीच छलफल भइरहेको छ । यद्यपि, यस्ता विशाल पाइपलाइन परियोजनाहरू निर्माण सम्पन्न भई सञ्चालनमा आउन वर्षौं लाग्न सक्ने विज्ञहरू बताउँछन् ।




**अनुरोधकर्ता**
**लोहारपट्टी नगरपालिका कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**




**अनुरोधकर्ता**
**मटिहानी नगरपालिका कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**

# मधेशमे भ्रष्टाचारक बढैत जाल :

**-मुरली मनोहर मिश्र,**
**(जनकपुर नागरिक समाज,**
**जनकपुरधाम-४, धनुषा,**
**नेपाल)**




परम आदरणीय संस्कृति-अनुरागी महानुभाव,
सन्ध्या-कालिन जय-जय सीयाराम

अख्तियार दुरुपयोग अनुसन्धान आयोगक कार्यालय, बर्दिबासद्वारा सार्वजनिक कएल गेल आर्थिक वर्ष २०८२/०८३क तथ्याङ्क मधेश प्रदेशक प्रशासनिक अवस्था पर गम्भीर प्रश्नचिह्न ठाढ़ करैत अछि । आयोगक अनुसार मधेश प्रदेश देशमे सभसँ बेसी भ्रष्टाचारसम्बन्धी उजुरी दर्ज होमए बला प्रदेश बनि गेल अछि । मात्र १० जिलामे ३,७३९ गोट उजुरी दर्ज होएब एहि बातक संकेत अछि जे सार्वजनिक प्रशासन, स्थानीय सरकार, विकास आयोजना आ सेवा प्रवाहमे सुशासनक गम्भीर अभाव अछि ।

धनुषामे १,१९५ गोट उजुरी दर्ता होएब आ स्थानीय तहमे बिदेह नगरपालिकामे १२८ तथा जनकपुरधाम उपमहानगरपालिकामे १२४ उजुरी दर्ज होएब सामान्य तथ्य नैइ, बल्कि यी प्रशासनिक प्रणालीमे गहिर रोगक लक्षण अछि । प्रश्न उठैत अछि–आखिर जनताकँ सरकारी कार्यालय पर विश्वास कम किएक भऽ रहल अछि? लोकसभ अपन अधिकार लेल अख्तियार धरि पहुँचल अछि, तकर अर्थ ई सेहो अछि जे स्थानीय संयन्त्रसँ न्याय नहि भेटि रहल अछि ।

एक पक्ष यी कहि सकैत अछि जे बेसी उजुरी होएब जनचेतनाक वृद्धि आ भ्रष्टाचारविरुद्ध नागरिक सक्रियताक संकेत अछि । मुदा दोसर पक्षसँ देखल जाए तँ एतेक विशाल सङ्ख्यामे उजुरी आबि रहल अछि, तकर अर्थ यी सेहो अछि जे भ्रष्टाचारक जडी प्रशासनिक संरचनामे गहिरा धरि पसैर गेल अछि। यदि सुशासन प्रभावकारी रहित, तऽ एहन अवस्था उत्पन्न नैइ होइत ।

सबसँ चिन्ताजनक पक्ष यी अछि जे सार्वजनिक पदकँ सेवा नैइ, अवसर मानि कऽ दुरुपयोग कएल जा रहल अछि। विकास बजेट, सार्वजनिक खरिद, उपभोक्ता समिति, निर्माण कार्य, शिक्षा, स्वास्थ्य, भूमिसम्बन्धी सेवा, कर प्रशासन आदिमे पारदर्शिताक अभाव जनविश्वासकँ कमजोर कएने अछि। सरकारी अनुगमन कमजोर, राजनीतिक संरक्षण मजबूत आ कारबाही सुस्त रहबाक कारण भ्रष्टाचार करनिहारमे दण्डक भय लगभग समाप्त भऽ गेल अछि ।

नागरिक समाजक प्रतिनिधिसभक यी टिप्पणी अत्यन्त महत्वपूर्ण अछि जे सरकार भ्रष्टाचार नियन्त्रणकँ पर्याप्त प्राथमिकता नैइ दऽ रहल अछि, आ न्यायालयक निर्णयसभक सम्मान सेहो कमजोर भऽ रहल अछि । जखन कानूनी प्रक्रिया कमजोर होइत अछि, तखन दण्डहीनता स्वतः बढ़ैत अछि । दण्डहीनता भ्रष्टाचारक सभसँ पैघ संरक्षक होइत अछि ।

धनुषा जेकाँ सांस्कृतिक, धार्मिक आ पर्यटकीय दृष्टिसँ महत्वपूर्ण जिला यदि भ्रष्टाचारक शीर्ष सूचीमे रहत, तँ एकर प्रत्यक्ष असर विकास, लगानी, पर्यटन आ सामाजिक विश्वास पर पड़त। जनकपुरधाम जेकाँ धार्मिक नगरीक छवि केवल मन्दिर, तीर्थ आ संस्कृति सँ नैइ, बल्कि सुशासन, स्वच्छ प्रशासन आ उत्तरदायी नेतृत्वसँ सेहो बनैत अछि ।

रौतहटमे मात्र ८ गोट उजुरी दर्ज होएब स्वतः यी सिद्ध नैइ करैत अछि जे ओतए भ्रष्टाचार नैइ अछि । सम्भव अछि जे शिकायत दर्ता करबाक चेतना कम होय, अथवा लोककँ आयोग धरि पहुँचबाक सहज अवसर नैइ भेटैत होय। ताहि कारण मात्र उजुरीक सङ्ख्याकँ भ्रष्टाचारक अन्तिम मापदण्ड मानब उचित नैइ होयत ।

भ्रष्टाचार नियन्त्रण लेल केवल अख्तियार सक्रिय भए गेलासँ पर्याप्त नैइ होयत । स्थानीय सरकारमे ई-गभर्नेन्स, सार्वजनिक खरिदक पूर्ण डिजिटल प्रणाली, सम्पत्ति विवरणक नियमित सार्वजनिक परीक्षण, सामाजिक लेखापरीक्षण, नागरिक निगरानी समिति, सूचनाक अधिकारक प्रभावकारी प्रयोग आ दोषी पदाधिकारी पर शीघ्र कानूनी कारबाही आवश्यक अछि । राजनीतिक दलसभकँ सेहो नैतिक उत्तरदायित्व स्वीकार करए पड़त ।

अन्ततः, मधेश प्रदेशक भविष्य केवल बजेटक आकारसँ उज्ज्वल नैइ बनत, बल्कि सुशासनक स्तरसँ तय होयत । भ्रष्टाचार विकासक धनकँ मात्र नष्ट नैइ करैत अछि, यी जनताक विश्वास, लोकतन्त्रक आधार आ राज्यक नैतिक वैधताकँ सेहो कमजोर करैत अछि । यदि अख्तियारक एहि तथ्याङ्ककँ चेतावनीक घण्टी मानि सरकार, स्थानीय तह, राजनीतिक नेतृत्व आ नागरिक समाज मिलिकऽ ठोस सुधार अभियान प्रारम्भ करैत अछि, तँ मधेश भ्रष्टाचारक केन्द्र नैइ, सुशासनक उदाहरण सेहो बनि सकैत अछि । अन्यथा, प्रत्येक वर्ष बढ़ैत उजुरीक संख्या केवल प्रशासनिक असफलताक दस्तावेज बनैत रहत ।

**सल्लाह, सुझाव एवं प्रतिक्रिया अपेक्षित ।**



सिरहाको नरहा गाउँपालिका -५ स्थित रहेको हनुमान मन्दिर मनमोहक दृश्य

## माईग्रेशन हरायो

मेरो निम्न ब्यहोरा भएको कक्षा १२ (प्लस टू) को माईग्रेशन मिति २०८३।३।१० गते लोकान्थली देखी राधे राधे जाने बाटो भक्तपुर जाने क्रममा हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ ।

Name–Jitendra Kumar Mandal
सिम्बोल नं. : २१७०२२८८
रजिष्ट्रेशन नं. : ७९२१७०१२००७७
Address– Kamala nagarpalika
Dhanusha
Mobile number – (९७१३९७१४७०)

# कुरुक्षेत्रको धूलोदेखि मानिसको अन्त:करणसम्मको यात्रा

-प्रेमचन्द्र झा



पात्रहरूको बाहिरी परिचयभन्दा भित्री अर्थ खोज्न थाल्छौं भने महाभारत अचानक एउटा नयाँ ग्रन्थमा रूपान्तरित हुन्छ । सबैभन्दा पहिले आउँछन् धृतराष्ट्र। उनी केवल जन्मान्ध राजा होइनन् । उनी अज्ञानले अन्धो बनेको मनका प्रतीक हुन्। संसारका अधिकांश समस्या आँखाले नदेखेर होइन, सत्य देख्न नचाहेर उत्पन्न हुन्छन् । धृतराष्ट्रले आफ्ना छोराको अन्याय देखेनन् भन्ने होइन, देख्न चाहेनन् । मोहले विवेकलाई ढाकिदिँदा मानिसको अवस्था पनि धृतराष्ट्रकै जस्तै हुन्छ ।

जब न्यायभन्दा सम्बन्ध ठूलो लाग्न थाल्छ, जब सत्यभन्दा स्वार्थ प्रिय लाग्न थाल्छ, त्यही क्षण मानिसभित्रको धृतराष्ट्र जागृत हुन्छ । धृतराष्ट्रसँगै उभिन्छन् संजय । संजय कुनै सामान्य पात्र होइनन् । उनी दिव्यदृष्टिका प्रतीक हुन् । आध्यात्मिक अर्थमा संजय भनेको त्यो चेतना हो, जसले घटनालाई पूर्वाग्रहबिना देख्न सक्छ । हाम्रा शास्त्रहरूले यसलाई साक्षीभाव भनेका छन् । जब मानिस आफ्ना विचार, भावना र इच्छालाई तिनैमा डुबेर होइन, बाहिरबाट हेर्न सिक्छ, तब उसको जीवनमा संजय जन्मिन्छ । आधुनिक मनोविज्ञानले जसलाई आत्मचेतना भन्छ, पूर्वीय दर्शनले त्यसलाई संजयको दृष्टि मानेको छ । अनि आउँछन् पाँच पाण्डव । उनीहरू पाँच दाजुभाइ मात्र होइनन्; मानिसका पाँच इन्द्रियका प्रतीक हुन–दृष्टि, श्रवण, स्पर्श, स्वाद र गन्ध । यी इन्द्रिय आफैंमा न त असल हुन्, न त खराब। उनीहरू त केवल साधन हुन्। प्रश्न यति मात्र हो कि उनीहरूलाई कसले सञ्चालन गरिरहेको छ? यदि इन्द्रिय विवेकको अधीनमा छन् भने उनीहरू धर्मको मार्गमा हिँड्छन् । यदि उनीहरू लोभ र वासनाको नियन्त्रणमा पुगे भने त्यही इन्द्रिय विनाशको कारण बन्छन् । यही कारणले गीता बारम्बार इन्द्रियनिग्रहको कुरा गर्छ। इन्द्रियलाई दबाउने होइन, दिशानिर्देश गर्ने । नदीमा बाँध नबनाइए बाढी आउँछ; बाँध बनाइयो भने त्यही नदीले उज्यालो उत्पादन गर्छ । मानिसका इन्द्रिय पनि त्यस्तै हुन् । नियन्त्रण नभए विनाश गर्छन्, संयमित भए सृष्टि गर्छन् । अब प्रश्न उठ्छ–यदि पाण्डव पाँच इन्द्रिय हुन् भने कौरव को हुन ? कौरव ती सय भाइ होइनन्, जो हस्तिनापुरमा जन्मिएका थिए । कौरव भनेका मानिसभित्र जन्मिने सयौं विकार हुन्। लोभ, क्रोध, ईर्ष्या, मोह, अहंकार, असत्य, हिंसा, छल, प्रतिशोध, असन्तोष, भय, असुरक्षा, घमण्ड, स्वार्थ–यी सबै कौरवका रूप हुन् । एउटा विकार हराउँछ, अर्को जन्मिन्छ । एउटा इच्छा पूरा हुन्छ, अर्को झन् ठूलो भएर आउँछ । त्यसैले कौरवको सङ्ख्या सय देखाइएको छ–मानिसका विकारको अन्त्य हुँदैन भन्ने संकेतका रूपमा । तर महाभारत यति सरल छैन ।

यदि विकारहरू यति स्पष्ट हुन्थे भने मानिस सजिलै धर्मको पक्षमा उभिन्थ्यो । समस्या के हो भने विकारहरू प्राय: सम्मानित अनुहार लिएर आउँछन् । उनीहरू धर्मको भाषा बोल्छन्, तर उद्देश्य अधर्मको हुन्छ । यही कारणले महाभारतका सबैभन्दा जटिल पात्रहरू भीष्म, द्रोण र कर्ण हुन् । भीष्म प्रतिज्ञा, अनुशासन र त्यागका प्रतीक मानिन्छन् । तर त्यही भीष्म अधर्मको पक्षमा किन उभिए ? यही प्रश्न महाभारतको नैतिक गहिराइ हो । आध्यात्मिक व्याख्याले भीष्मलाई अहंकारसँग जोड्छ । यहाँ अहंकारको अर्थ घमण्ड मात्र होइन; आफ्नो प्रतिज्ञा, आफ्नो निर्णय र आफ्नो छविप्रतिको यस्तो कठोर आसक्ति, जसले सत्य देखे पनि त्यसको पक्ष लिन नदियो । कहिलेकाहीँ मानिस गलत पक्षमा यसकारण उभिन्छ कि उसले पहिले गरेको निर्णय बदल्न आफ्नो प्रतिष्ठालाई बाधक ठान्छ । यही भीष्मको त्रासदी हो ।

द्रोणाचार्य संस्कारका प्रतीक हुन् । संस्कारले मानिसलाई निर्माण पनि गर्छ, तर कहिलेकाहीँ बाँधेर पनि राख्छ । द्रोणलाई थाहा थियो कि धर्म पाण्डवतिर छ। तर उनी आफ्नो आश्रयदाता, आफ्नो कर्तव्य र आफ्नो विगतबाट मुक्त हुन सकेनन् । आज पनि मानिस धेरै पटक सत्य बुझ्छ, तर पुराना संस्कार, सामाजिक दबाब वा परम्परागत सोचका कारण सत्यको पक्षमा उभिन सक्दैन । द्रोणाचार्यको द्वन्द्व आज पनि जीवित छ । महाभारतले हामीलाई एउटा गम्भीर सन्देश दिन्छ–जीवनमा सबैभन्दा कठिन संघर्ष बाहिरी शत्रुसँग होइन, आफ्नै आदत, आफ्नै संस्कार र आफ्नै अहंकारसँग हुन्छ । यही कारणले भीष्म र द्रोणलाई हराउन अर्जुनलाई असाधारण साहस चाहिएको थियो । बाहिरी युद्धभन्दा भित्री युद्ध कठिन हुन्छ ।

यही क्रमको सबैभन्दा करुण पात्र हुन् कर्ण । उनी प्रतिभाशाली छन्, उदार छन्, दानी छन्, वीर छन् । तर उनी गलत पक्षमा उभिन्छन् । किन ? आध्यात्मिक व्याख्यामा कर्ण मानिसको त्यो इच्छा हो, जसले आफूलाई सधैं उपेक्षित ठान्छ । मानिसको मनमा एउटा आवाज सधैं भन्छ–"मसँग न्याय भएन", "मलाई अवसर दिइएन", "मलाई चिनिएन ।" यही पीडाले कहिलेकाहीँ मानिसलाई गलत निर्णयतर्फ धकेल्छ । कर्णको दु:ख बाहिरीभन्दा बढी भित्री थियो। यही कारणले उनी महाभारतका सबैभन्दा मानवीय पात्र पनि हुन् । आजको समाजमा पनि कर्ण धेरै छन् । योग्य भएर पनि उपेक्षित भएको अनुभूति बोकेका, सम्मान खोजिरहेका, आफ्ना पीडालाई गलत बाटो रोज्ने कारण बनाइरहेका मानिसहरू । महाभारतले उनीहरूको निन्दा मात्र गर्दैन; उनीहरूको पीडालाई पनि बुझ्न सिकाउँछ । तर अन्ततः एउटा सत्य भने स्पष्ट गर्छ–अन्यायको अनुभूति कुनै पनि व्यक्तिलाई अधर्मको पक्षमा उभिने नैतिक अधिकार बन्न सक्दैन । यही पात्रहरूको बीचमा उभिएका छन् अर्जुन ।

उनी सिद्ध पुरुष होइनन् । उनी प्रश्न गर्ने मानिस हुन् । उनी डराउँछन्, द्विविधामा पर्छन्, रोन्छन्, हतियार बिसाउँछन् । यही कारणले अर्जुन महान् छन् । किनकि उनी आफ्नो कमजोरी स्वीकार गर्छन् । जसले प्रश्न गर्न छोड्छ, उसले सत्यसम्म पुग्ने सम्भावना पनि गुमाउँछ । अर्जुनको जिज्ञासा नै गीताको जन्म हो । र अन्ततः आउँछन् श्रीकृष्ण । उहाँ कुनै चमत्कार गर्ने देवता मात्र होइनन्। उहाँ विवेकको स्वर हुनुहुन्छ । उहाँ त्यो अन्त:प्रकाश हुनुहुन्छ, जसले मानिसलाई बाहिरी विजयभन्दा पहिले आत्मविजयको बाटो देखाउँछ । जबसम्म जीवनको रथको सारथि विवेक बन्दैन, तबसम्म इन्द्रियहरू दिशाहीन रहन्छन् । महाभारतका यी सबै पात्रहरू बाहिर कतै छैनन् । उनीहरू प्रत्येक मानिसभित्र एकैसाथ बसिरहेका छन् । कहिले धृतराष्ट्र बोल्छन्, कहिले दुर्योधन जाग्छ, कहिले कर्ण रोइरहेको हुन्छ,

क्रमश:

"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"



सम्पर्क –: दिलीप कुमार साह :–
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला




अनुरोधकर्ता
बलवा नगरपालिका कार्यालय
महोत्तरी, मधेश प्रदेश




अनुरोधकर्ता
शहिदनगर नगरपालिका कार्यालय
धनुषा, मधेश प्रदेश




अनुरोधकर्ता
रामगोपालपुर नगरपालिका कार्यालय
महोत्तरी, मधेश प्रदेश

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday